# प्रेस विज्ञप्ति

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

आज मिति २०७७ असोज २७ गते आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. १ र नेपाल सरकार, गृहमन्त्रालयको संयुक्त आयोजना तथा आन्तरिक मामिला तथा कानून मन्त्रालयको व्यवस्थापनमा प्रदेश नं. १ स्तरीय सुरक्षा गोष्ठी सम्पन्न भयो। उक्त गोष्ठीमा जिल्ला सुरक्षा समितिका पदाधिकारीहरु, नेपाली सेना लगायतका प्रदेशस्तरीय सुरक्षा निकायका प्रमुखहरु, नेपाल प्रहरी, शशस्त्र प्रहरी वल नेपाल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुखज्यूको सहभागितामा प्रदेशस्तरीय भर्चुअल सुरक्षा गोष्ठी सम्पन्न भयो। सुरक्षा गोष्ठीमा प्रदेश नं. १ का चौध वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुले जिल्ला सुरक्षा समितिको तर्फवाट जिल्लाको समग्र शान्ति सुरक्षा र सेवा प्रवाहको अवस्था, Covid-19 को महामारी नियन्त्रणका प्रयास तथा चाडवाड लक्षित सुरक्षा योजना लगायतका विषयमा प्रस्तुती गर्नुभयो।

सुरक्षा गोष्ठीमा पूर्वी पृतना हेडक्वाटर, इटहरीका पृतनापति श्री सन्तोष कुमार ढकाल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख श्री गणेशप्रसाद अधिकारी, सशस्त्र प्रहरी वल नेपालका प्रमुख श्री शैलेन्द्र खनाल, नेपाल प्रहरीका प्रमुख श्री शैलेस थापा क्षेत्री, प्रदेश सरकारका प्रमुख सचिव श्री दिनेश भट्टराई र नेपाल सरकारका गृह सचिव श्री महेश्वर न्यौपानेले सम्वोधनका साथै निर्देशन दिनुभयो। गोष्ठीको शुभारम्भ मन्तव्य प्रदेश नं. १ का मुख्यमन्त्री माननीय शेरधन राईले गर्नुभएको थियो भने प्रमुख अतिथिको रुपमा नेपाल सरकारका गृहमन्त्री माननीय राम वहादुर थापा वादलले सहभागीहरुलाई निर्देशन तथा सम्वोधन गर्नुभयो। सुरक्षा गोष्ठीको अध्यक्षता प्रदेश नं. १ का आन्तरिक मामिला तथा कानून मन्त्री माननीय हिक्मतकुमार कार्कीले गर्नुभएको थियो। अन्त्यमा सम्वोधन तथा निर्देशन सहित आन्तरिक मामिला तथा कानून मन्त्रीज्यूले प्रदेशस्तरीय भर्चुअल सुरक्षा गोष्ठीको समापन गर्नुभएको थियो।

७७/०६/२७

..............................

विजय कुमार मगर

सूचना अधिकारी

CS Scanned with CamScanner